काठमाडौं युनिर्भसिटि हाई स्कुल

# शिक्षक अभिभावक सघं

**Parent-Teachers Association (PTA)**

को

सन्चालन निर्देशिका, २०७९

**शिक्षक अभिभावक सघं**

**काठमाडौं युनिर्भसिटि हाई स्कुल**

**चौकोट, काभ्रे**

# काठमाडौं युनिर्भसिटि हाई स्कुल, चौकोट, काभ्रेको
# शिक्षक अभिभावक सघं (Parent-Teachers Association (PTA)
# को
# सन्चालन निर्देशिका, २०७९

शिक्षा ऐन तथा नियमावली अनुरुप विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्नका साथै विद्यालयमा शिक्षाको गुणस्तर कायम राख्ने प्रयोजनका लागि विभिन्न रचनात्मक सुझाव प्रदान गरी विद्यालय तथा अभिभावकहरुबीचको सम्बन्धलाई सृदृढ र आरक्षण राख्न तथा विद्यालय र अभिभावकबीच  सेतुको काम गरी विद्यार्थीहरुलाई राष्ट्रनिर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिको रुपमा विकास गर्न विद्यालयलाई सहयोग गर्ने उदेश्यले गठीत काठमाडौं युनिर्भसिटि हाई स्कुल, शिक्षक अभिभावक संघको सन्चालन निर्देशिका लागु गर्न आवश्यक भएको हुँदा शिक्षा नियमावली २०५९ को नियम ३०को उपनियम ४ द्धारा प्रदत्त अधिकार प्रयोग गरी यो सन्चालन निर्देशिका तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१ यो निर्देशिकाको नाम काठमाडौं युनिर्भसिटि हाई स्कुल, शिक्षक अभिभावक संघ -उबचभलत (Teachers' Association) को सन्चालन निर्देशिका, २०७९ रहेको छ ।

१.२ यो निर्देशिका संघको कार्यसमितिबाट पारित भई अभिभावक भेलाद्धारा अनुमोदन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :-

२.१ "ऐन" भन्नाले प्रसङ्ग अनुसार शिक्षा ऐन भन्ने बुझाउनेछ ।

२.२ "नियमावली"  भन्नाले शिक्षा नियमावीलाई बुझाउनेछ ।

२.३ "सन्चालन निर्देशिका" भन्नाले शिक्षक अभिभावक सघंको सन्चालन निर्देशिका २०७९ लाई बुझाउनेछ ।

२.४ "विद्यालय" भन्नाले काठमाडौं युनिर्भसिटि हाई स्कुल लाई जनाउनेछ ।

२.५ "व्यवस्थापन समिति" भन्नाले काठमाडौं युनिर्भसिटि हाई स्कुल व्यवस्थापन समितिलाई बुझाउनेछ ।

२.६ "उपसमिति" भन्नाले शिक्षक अभिभावक संघद्धारा यस निर्देशिका बमोजिम आवश्यकता अनुसार गठन हुने समितिलाई जनाउनेछ ।

२.७ "कोष" भन्नाले शिक्षक अभिभावक संघको कोषलाई बुझाउनेछ ।

२.८ "शिक्षक" भन्नाले स्कूलमा वहालमा रहेका स्थायी, अस्थायी र करारसेवामा अध्यापन गर्ने व्यक्तिलाई जनाउनेछ ।

२.९ "शैक्षिकसत्र" भन्नाले विद्यालयमा अध्ययन-अध्यापन गराउने वार्षिक अवधिलाई जनाउनेछ ।

२.१० "संघ वा PTA" भन्नाले काठमाडौं युनिर्भसिटि हाई स्कुलको शिक्षक अभिभावक संघलाई जनाउनेछ ।

## परिच्छेद २
## शिक्षक अभिभावक संघ गठन

**३. संघको गठन :-**

३.१ संघको कार्यसमिति ११ सदस्यीय हुनेछ । जसमा अध्यक्ष १, उपाध्यक्ष १, सदस्य सचिव १ र सदस्यहरु ८ जना रहनेछन् । अध्यक्ष र उपाध्यक्ष मध्ये १ जना महिला अनिवार्य हुनुपर्ने छ ।

३.२ अभिभावक भेलाद्वारा अध्यक्ष १, उपाध्यक्ष १ तथा १ महिला सहित २ जना सदस्यहरु चुनिनेछन् ।

३.३ विद्यालयका प्रधानाध्यापक पदेन सदस्य सचिव रहनेछन् ।

३.४ काठमाडौं विश्वविद्यालयका Faculty हरुबाट दुईजना सदस्य मनेनित हुनेछन् ।

३.५ विद्यालयका शिक्षक शिक्षिकाहरुमध्येबाट चुनिएका ४ जना सदस्य हुनेछन् ।

३.६ संघको कार्यकाल दुई वर्षको हुनेछ । बैशाख महिनामा अभिभावक भेला गराई निवार्चनका माध्यमबाट संघका सदस्यहरुको चयन गरिने छ ।

३.७ संघका सदस्यहरुलाई विद्यालयबाट कुनै पनि प्रकारको पारिश्रमिक प्राप्त हुने छैन ।

**४. उद्देश्यहरु :-**

४.१ विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुका अभिभावक तथा विद्यालयका शिक्षक शिक्षिकाहरुका विच सुमुधुर सम्बन्ध कायम गरी शिक्षाको गुणस्तर वृद्धि गर्न मद्दत गर्ने ।

४.२ शिक्षक तथा विद्यार्थीहरुका व्यक्तिगत तथा सामुहिक समस्याहरुको पहिचान गरी सो को समाधान गर्ने कार्यमा विद्यालयलाई सहयोग गर्ने ।

४.३ विद्यालयको चौतर्फी विकासका लागि आवश्यक सल्लाह र सुझाव प्रदान गर्ने ।

४.४ अभिभावक तथा विद्यालयका तर्फबाट प्राप्त सुझावहरु सकंलन गर्ने भरपर्दो माध्यमको रुपमा सूचना प्रविधिको विकास गर्ने ।

४.५ उल्लिखित उद्देश्य पुरा गर्न अन्य कार्य गर्ने ।

**५. संघको कार्यकारी समितिको काम, कर्तव्य तथा अधिकार :-**

५.१ विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक कार्य गर्ने ।

५.२ शिक्षा नियमावली अनुसार कार्यान्वयन हुनुपर्ने विषयहरुमा विद्यालयलाई आवश्यक सुझाव दिने ।

५.३ विद्यालयको शैक्षिक गतिविधिवारे नियमित जानकारी राख्ने तथा सो सम्वन्धमा अर्न्तक्रिया गर्ने ।

५.४ विद्यार्थी, शिक्षक तथा अभिभावकहरुका समस्याहरुका विषयमा अन्तक्रिया गरी सम्पूर्ण पक्ष बिच सुमूधुर सम्बन्ध कायम गर्न भुमिका खेल्ने ।

५.५ संघको कोष नियमित र पारदर्शी ढंगबाट लक्षित वर्गसम्म पुर्‍याउन आवश्यक कार्य गर्ने ।

**६. सदस्यताको लागि योग्यता :-**

६.१ विद्यालयमा अध्ययनरत विद्यार्थीको आमा, बाबु, संरक्षक वा अन्य कुनै हैसियतबाट अभिभावकत्व प्रदान गरिरहने व्यक्ति हुनुपर्ने ।

६.२ आमा वा बाबुको मन्जुरीबाट विद्यार्थी भर्ना गर्ने, परिक्षावफल लिने, विद्यालयको Newsletter लिने लगायतका विद्यार्थीसँग सक्वन्धित अन्य कार्य गरिरहेको व्यक्ति ।

**७. सदस्यताको समाप्ती :-**

७.१ विद्यालयको विद्यार्थीको अभिभावक नरहेमा ।

७.२ विद्यार्थीको आमा तथा बाबुको मन्जुरीबाट अभिभावकत्व ग्रहण गरिरहेका व्यक्तिको मन्जुरीमा खारेज गरी आमा वा बाबुले विद्यालयमा पत्राचार गरी स्वीकृत भएमा ।

७.३ संघको सदस्यबाट दिएको राजिनामा कार्यसमितिबाट स्वीकृत भएमा ।

७.४ संघमा रहेका कुनै पनि शिक्षक शिक्षिका विद्यालयको सेवामा नरहेमा ।

## परिच्छेद ३

**८. बैठक तथा कार्यविधि :-**

८.१ संघको कार्यसमितिको बैठक साधारणतया ३ महिनामा एक पटक बस्नेछ तर आवश्यक भएमा कुनै पनि बेला अध्यक्षले बैठक बोलाउन सक्नेछन् ।

८.२ बैठकको गणपुरक संख्या सम्पूर्ण सदस्य संख्याको ६६ प्रतिशतलाई मानिनेछन ।

८.३ बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षबाट वैठकको अध्यक्षता गरीनेछ ।

८.४ बैठक अध्यक्षको अनुमतिमा सदस्य मिति समय र स्थान समेत तोकी बोलाउनेछन् ।

८.५ बैठक हुनुभन्दा अगावै सबै सदस्यलाई सुचना दिनुपर्नेछ ।

८.६ बैठक प्रस्तुत विषयहरुको निर्णय बहुमतबाट हुनेछ ।

८.७ बैठकको निर्णहरु बैठक पुस्तिकामा उतार गरी प्रमाणीत गराई राख्नु पर्नेछ।

८.८ बैठक संचालनका अन्य प्रकृयाहरु प्रचलित कानुन तथा यसै निर्देशिकाको भावना विपरित नहुने गरी समिति नहुने गरि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

**९. शैक्षिक विकास कार्यक्रम :-**

शैक्षिक विकास कार्यक्रम अन्तर्गत विद्यालयसँगको सहकार्यमा पाठ्क्रम पाठ्यक्रम वा अन्य सम्वन्धित विषयमा विभिन्न गोष्ठी, कार्यशालाहरु तर्जुम गर्ने र शिक्षकहरुलाई विभिन्न प्रकारका आवधिक तालिम तथा प्रशिक्षणहरु प्रदान गर्ने तथा नेपाल सरकार तथा अन्य गैरसरकारी विकायबाट संचालन र आयोजना हुने शिक्षासंग सम्बन्धित कार्यक्रमहरुमा समेत सम्वन्धित शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई सरिक गराउन पहल गरिनेछ ।

**१०. उपसमितिहरुको गठन :-**

विद्यायको वृहत्तर हित तथा विभिन्न शैक्षिक गतिविधि लगायत शिक्षकहरुको वृत्तिविकासका लागि समेत आवश्यक सुझावहरु दिनका लागि विभिन्न विषयहरुमा केन्द्रित भई कार्य गर्न आवश्यकता अनुसार कार्यसमितिले विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

**११. खारेजी र बचाउ :-**

११.१ काठमाडौं युनिर्भसिटि हाई स्कुल, शिक्षक अभिभावक सघंको नियमावली २०६५ खारेज गरिएको छ ।

११.२ काठमाडौं युनिर्भसिटि हाई स्कुल, शिक्षक अभिभावक सघंको नियमावली २०६५ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।